**लिखु गाउँ कार्यपालिकाको बैठक संख्या - ६, (आ.व. २०८२/०८३)**

आज मिति २०८२/१०/०४ गते आइतबार, बिहानको ११ बजे लिखु गाउँपालिकाका अध्यक्ष श्री अशोक कुमार कार्कीज्यूको अध्यक्षतामा तपसिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका प्रस्तावहरुमा छलफल गरी निर्णय गरियो।

**उपस्थिति**

| क्र.स. | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १. | अध्यक्ष | श्री अशोक कुमार कार्की | |
| २. | उपाध्यक्ष | श्री अस्मिता थापा | |
| ३. | वडाध्यक्ष, वडा नं. १ | श्री हिरा बहादुर कार्की | |
| ४. | वडाध्यक्ष, वडा नं. २ | श्री राम कुमार बुढाथोकी | |
| ५. | वडाध्यक्ष, वडा नं. ३ | श्री सोकर्ण श्रेष्ठ | |
| ६. | वडाध्यक्ष, वडा नं. ४ | श्री घनबहादुर कार्की | |
| ७. | वडाध्यक्ष, वडा नं. ५ | श्री मोहन कार्की | |
| ८. | वडाध्यक्ष, वडा नं. ६ | श्री टिका बहादुर क्याप्छाकी | |
| ९. | वडाध्यक्ष, वडा नं. ७ | श्री तारा बहादुर तामाङ | |
| १०. | वडाध्यक्ष, वडा नं. ८ | श्री पुरुषोत्तम पौडेल | |
| ११. | वडाध्यक्ष, वडा नं. ९ | श्री केशवहरी ढुंगेल | |
| १२. | कार्यपालिका सदस्य | श्री ईला बहादुर मुदेल | |
| १३. | कार्यपालिका सदस्य | श्री पशुपति सुनुवार | |
| १४. | कार्यपालिका सदस्य | श्री कमला कार्की | |
| १५. | कार्यपालिका सदस्य | श्री रेणुका मगर | |
| १६. | कार्यपालिका सदस्य | श्री अम्बिका बिश्वकर्मा | |
| १७. | कार्यपालिका सदस्य | श्री गितादेवी बर्मे | |
| १८. | सदस्य सचिव | श्री अर्जुन कुमार राउत | |

**सहायक कर्मचारीहरु:**

श्री कर्ण बहादुर कार्की - कार्यालय सहयोगी

श्री रवि कटवाल - कार्यालय सहयोगी

**बैठक संख्या: ६**

**क. मिति: २०८२/१०/०४ गते बुधबार**

**ख. बिहान: ११:०० बजे**

---

**क) प्रस्तावित  विषयहरुः**

१. समीक्षा सम्बन्धमा ।

२. रकमान्तर तथा शीर्षकान्तर सम्बन्धमा ।

३. कर्मचारी तहवृद्धि सम्बन्धमा ।

४. अध्ययन बिदा सम्बन्धमा ।

५. राष्ट्रपति सशक्तिकरण कार्यक्रम छनौट सम्बन्धमा ।

६. स्थानीय रोजगार रणनीतिक योजना, २०८२ सम्बन्धमा ।

७. आर्थिक ऐन, २०८२ संशोधन सम्बन्धमा ।

८. गाउँ शिक्षा योजना सम्बन्धमा ।

९. करार कर्मचारी पदपूर्ति समिति पुन: गठन सम्बन्धमा ।

१०.न्यायिक समिति मेलमिलापकर्ताहरुको सूचीकरण सम्बन्धमा ।

११.गाउँसभाको मिति संशोधन सम्बन्धमा ।

१२.विविध समसामयिक विषयका सम्बन्धमा ।

**निर्णय नं १,**

प्रस्ताव नं. १ माथि आवश्यक छलफल गर्दा, विगतका कार्यपालिकाको बैठकका निर्णयहरु क्रमश: प्रभावकारी रुपमा कार्यान्वयन भइरहेको अवस्थामा यसलाई थप प्रभावकारी बनाउन सरोकारवाला पक्षहरु बिचमा समन्वय गरी कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं २,**

प्रस्ताव नं २ माथि आवश्यक छलफल गर्दा, आर्थिक वर्ष २०८२/८३ मा कार्यान्वयन हुने गरी विनियोजन भएका देहाय बमोजिमका आयोजनाहरु रकमान्तर तथा शीर्षकान्तरका लागी संशोधन गर्न आगामी गाउँसभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

| क्र.स. | कार्यक्रम/आयोजनाको नाम | श्रोत | खर्च शीर्षक | विनियोजित रकम | थप रकम | घट रकम | संशोधित रकम | रकमान्तर शीर्षक तथा शिर्षकान्तर | कायम रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | मठमन्दिर मर्मत योजना (हुलाकचौर, शिव सिम्ले सानो निगाले), लिखु- २ | संघीय समानीकरण | ३११११२ | १५०००० | ० | १५०००० | ० | बाँगेटार आँपडाँडा सडक स्तरोन्नती, लिखु- २ | ३००००० |
| २. | सानो वर पिप्पल कोलचौर सडक निर्माण योजना, लिखु - २ | संघीय समानीकरण | ३११५१ | १५०००० | ० | १५०००० | ० | | |
| ३. | कुवापानी खोला तटबन्धन झोलुङ्गे पुल तथा बाटो मर्मत योजना, लिखु - २ | संघीय समानीकरण | २२३१४ | १५०००० | ० | १५०००० | ० | खानेपानी धारा निर्माण योजना, लिखु - २ | १५०००० |
| ४. | पर्यटन प्रवर्धन कार्यक्रम, लिखु – ९ | संघीय समानीकरण | २२५२२ | २००००० | ० | २००००० | ० | सोनाम ल्होसार कार्यक्रम, लिखु- ९ | ७५००० |
| | | | | | | | | पोकली झरना सरसफाई कार्यक्रम, लिखु- ९ | २५००० |
| | | | | | | | | पोकली सडक सरसफाई योजना, लिखु- ९ | १००००० |
| ५. | जिम्पाखा मण्डली घर सिलिङ व्यवस्थापन योजना, लिखु - ९ | संघीय समानीकरण | २२५२२ | ५०००० | ० | ५०००० | ० | जिम्पाखा मण्डली खानेपानी योजना, लिखु- ९ | ५०००० |
| ६. | थामडाँडा सन्सारीथान तथा बेल्टार महादेवथान सडक निर्माण योजना लिखु १ | संघीय समानीकरण | ३११५१ | २५०००० | ० | २५०००० | ० | वडा कार्यालय भवन जग्गा खरिद योजना लिखु १ | २५०००० |
| ७. | ट्रष्ट निर्माण आयोजना, लिखु - ७ | आन्तरिक श्रोत | ३११११२ | २५०००० | ० | २५०००० | ० | ट्रष्ट निर्माण तथा चौतारा स्तरोन्नती आयोजना, लिखु - ७ | २५०००० |
| ८. | संगित शिक्षक /प्रशिक्षक | | | ६००००० | ० | ६००००० | ० | जिल्ला स्तरीय राष्ट्रपति | ६००००० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | रनिङशिल्ड कार्यक्रम | |
| ९. | सामाजिक सुरक्षा करार कर्मचारी | संघीय राजश्व बाँडफाँड | २७२१९ | ६००००० | ० | १८०००० | ४२०००० | राष्ट्रपति रनिङशिल्ड | १८०००० |
| १०. | पालिकास्तरीय कक्षा ८ को परीक्षा सञ्चालन तथा व्यवस्थापन | संघीय समानीकरण | २५५२२ | ३५०००० | ० | २४१००० | ० | पालिकास्तरीय कक्षा ८ को परीक्षा सञ्चालन तथा व्यवस्थापन | २४१००० |
| | | | | | ० | ३४००० | ० | विद्यार्थी प्रोत्साहन कार्यक्रम | ३४००० |
| | | | | | ० | ७५००० | ० | लिखु गाउँपालिकास्तरीय शिक्षक,IT फोकल शिक्षक तथा कर्मचारी सम्मान कार्यक्रम | ७५००० |
| ११. | राष्ट्पति रनिङशिल्ड कार्यक्रम | संघीय समानीकरण | २२५२२ | ९००००० | ० | ० | १८०००० | | |
| १२. | वडा कार्यालय जग्गा खरिद,लिखु ८ | संघीय समानीकरण | ३११२५ | ४५०००० | ० | ४५०००० | ० | जनजाती सेवा समाज जग्गा खरिद,लिखु ८ | ४५०००० |
| १३. | सातदोबाटो सिस्ने घोरेटो बाटो निर्माण तथा मुलाबारी कोप्चे सडक सोलिङ,लिखु ८ | संघीय समानीकरण | ३११५९ | ६१२००० | ० | ६१२००० | ० | सातदोबाटो सिस्ने घोरेटो बाटो निर्माण तथा गैराबारी जाल्पा मा.वि. वडा कार्यालय सडक सोलिङ आयोजना, लिखु ८ | ६१२००० |
| १४. | घोरेटोबाटो सडक निर्माण आयोजना, लिखु ४ | संघीय समानीकरण | ३११५१ | ३७५००० | ० | ४०००० | ३३५००० | वडा कार्यालय तार जाली, वडा नं ४ | १००००० |
| १५. | प्रतिक्षालय (रमिते,धारापानी,काउँलडाँडा,ढाँडटोल) निर्माण योजना, लिखु ४ | संघीय समानीकरण | ३११५१ | ६२५००० | ० | ६०००० | ५६५००० | | |
| १६ | साकाले खोला डाँडा खर्क मझुवा खाडीडाँडा भञ्ज्याङ सडक सोलिङ तथ नाली निर्माण आयोजना लिखु ८ | संघीय समानीकरण | ३११५१ | ३००००० | ० | ५०००० | २५०००० | स्थानीय सडक मर्मत आयोजना लिखु ८ (रु. ५०००० थप) | २५०००० |

आर्थिक वर्ष २०८२/८३ मा कार्यान्वयन हुने गरी विनियोजन भएका देहाय बमोजिमका कार्यक्रम तथा आयोजनाहरु स्रोतान्तरका लागी देहाय अनुसार संशोधन गर्न गाउँसभामा पेश गर्ने ।

| **क्र.स.** | **कार्यक्रम/आयोजनाको नाम** | **हालको श्रोत** | **खर्च शीर्षक** | **रकम** | **कायम गर्नुपर्ने स्रोत** | **कायम रकम** |
|---|---|---|---|---|---|---|
| १ | विविध खर्च | आन्तरिक स्रोत | २२७११ | १०००००० | राजश्व बाँडफाँट | १०००००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | कर्मचारी कल्याण कोष | राजश्व बाँडफाँट | २१२१४ | १०००००० | आन्तरिक स्रोत | १०००००० |

**निर्णय नं ३,**

प्रस्ताव नं. ३ माथि आवश्यक छलफल गर्दा, लिखु गाउँपालिका र अन्तर्गतका कार्यालयहरुमा कार्यरत स्थायी कर्मचारीहरुको तह वृद्धिको लागि स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन २०८०, को दफा ४ को उपदफा ५ र दफा २७ को उपदफा १ र २ को व्यवस्था बमोजिम योग्यता पुगेको कर्मचारीहरुले सूचना प्रकाशन गरिएको मितिले ३० (तीस) दिन भित्र तह वृद्धिको लागि सूचनामा उल्लेखित आवश्यक योग्यताको साथमा निवेदन पेश गर्ने तपसिल बमोजिम योग्यता पुगेका कर्मचारीहरुको ऐनको दफा ४ र २७ अनुसार तह वृद्धि गर्नको लागि गठन भएको समितिद्वारा यस कार्यपालिकासमक्ष पेश भएको देहाय बमोजिमको कर्मचारीको तह वृद्धि गर्ने सर्वसम्मत निर्णय गरियो ।

| **साविककाे:** | **तह वृद्धिको लागि सिफारिस गरिएको** |
|---|---|
| **कर्मचारीको नाम: रचना मैनाली** | |
| पद: शिक्षा अधिकृत<br>सेवा/समुह : शिक्षा/ शिक्षा प्रशासन<br>तह : अधिकृतस्तर सातौं | पद: शिक्षा अधिकृत<br>सेवा /समुह : शिक्षा / शिक्षा प्रशासन<br>तह : अधिकृतस्तर आठौं |

**निर्णय नं. ४,**

प्रस्ताव नं. ४ माथि आवश्यक छलफल गर्दा, लिखु गाँउपालिका, वडा नं. -८, स्वास्थ्य चौकी टारकेराबारीमा स्वास्थ्य सेवा, हे. ई. समूह, हेल्थ असिस्टेन्ट (पाँचौं तह) पदमा कार्यरत विशाल के. सी. ले यस कार्यालयबाट अध्ययन बिदाको लागि मिति २०८२/०५/१३ गते पूर्व स्वीकृती लिई चिकित्सा शिक्षा आयोगको प्रवेश परीक्षा उतिर्ण गरी **मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान, जनकपुरधाम**मा सञ्चालन हुने (BPH चार वर्षे) शैक्षिक कार्यक्रममा अध्ययनका लागि छात्रवृत्तीमा छनौट भएकोले अध्ययन विदा स्वीकृत गरीपाउँ भनि दिएको निवेदनका सम्बन्धमा कोशी प्रदेश स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन ) ऐन,२०८० को दफा १२० को उपदफा (१) र (४) बमोजिम स्थानीय तहलाई प्राप्त छात्रवृत्तिमा मनोनयन वा छनौट भई अध्ययन गर्न जाने कर्मचारीलाई तलब सहितको अध्ययन विदा दिन सक्ने प्रावधान भएको र ऐनको दफा १२४ मा बिदा स्वीकृत गर्ने अधिकार गाँउ कार्यपालिकालाई भएको हुँदा निजलाई कोशी प्रदेश स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन ) ऐन,२०८० को दफा ६८ र ६९ को उपदफा (१) (२) (३) र (४) बमोजिम कबुलियत गराई चार (४) वर्षका लागि तलवी अध्ययन विदा दिने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ५,**

प्रस्ताव नं. ५ माथि आवश्यक छलफल गर्दा राष्ट्रपति महिला उत्थान जिविकोपार्जन सुधार कार्यक्रम सञ्चालन सम्बन्धी मापदण्ड, २०७७ बमोजिम स्थानीय विपन्न महिलालाई सीप विकास तालिम प्रदान गर्न कृषि तथा पशुपालन क्षेत्र छनौट गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ६,**

प्रस्ताव नं. ६ माथि आवश्यक छलफल गर्दा, आ.व. २०८१/०८२ मा स्थानीय रोजगार रणनीति योजना, २०८१ निर्माण भई कार्यान्वयनमा रहेकोमा उक्त योजनामा अद्यावधिक गर्नुपर्ने भएकाले रोजगार रणनीति, २०८२ अद्यावधिक गरी स्वीकृतीका लागि आगामी गाउँसभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो। स्थानीय रोजगार रणनीति योजना, २०८२ यसै साथ संलग्न रहेको छ।

**निर्णय नं. ७,**

प्रस्ताव नं. ७ माथि आवश्यक छलफल गर्दा, गाउँपालिकाको आर्थिक ऐन, २०८२ को दफा १३ सँग सम्बन्धित अनुसूची-११ मा भएको व्यवस्थालाई समसामयिक बनाउन राजश्व परामर्श समितिबाट प्रस्ताव गरिबमोजिम देहायबमोजिम संशोधन तथा नयाँ थप गरी आगामी गाउँसभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

| क्र.स. | विवरण | साविकमा भएको दर (रु.) | दर (रु.) | संशोधन तथा नयाँ थप |
|---|---|---|---|---|
| १. | मछिनो तेल (प्रति लिटर) | (प्रति के.जी.) ५ % | रु २५ | संशोधन |
| २. | चुत्रो प्रति के जी | - | रु १ | नयाँ थप |
| ३. | काठको मुढा (प्रति क्यूफिट) | - | रु ५ | नयाँ थप |
| ४. | नागबेली पाउडर (प्रति के.जी.) | - | रु ५ | नयाँ थप |
| ५. | अग्रेली (प्रति के.जी.) | - | रु १.५ | नयाँ थप |
| ६. | तितेपाती(प्रति के.जी.) | - | रु ३ | नयाँ थप |
| ७. | बाँस (प्रति ट्रक) | - | रु ५०० | नयाँ थप |
| ८. | बाँस (प्रति ट्याक्टर) | - | रु २५० | नयाँ थप |

**निर्णय नं. ८,**

प्रस्ताव नं. ८ माथि आवश्यक छलफल गर्दा, लिखु गाउँपालिकाको **"गाउँ शिक्षा योजना"** स्वीकृतीको लागि आगामी हिउँदे गाउँ सभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ९,**

प्रस्ताव नं. ९ माथि आवश्यक छलफल गर्दा, गाउँपालिकाको करारमा कर्मचारी पदपूर्ति सम्बन्धी आवश्यक सम्पूर्ण कार्य गर्न देहाय बमोजिमको कर्मचारी छनौट समिति गठन गर्ने सर्वसम्मत निर्णय गरियो।

१. संयोजक: श्री अर्जुन कुमार राउत (प्रमुख प्रशासकीय अधिकृत)
२. सदस्य: श्री दिनानाथ चौधरी (जन स्वास्थ्य अधिकृत, सातौं)
३. सदस्य: श्री चेतन लामिछाने (कृषि प्रसार अधिकृत, सातौं)

**निर्णय नं. १०,**

प्रस्ताव नं. १० माथि आवश्यक छलफल गर्दा, मिति २०८२/०९/२८ को सूचना बमोजिम लिखु गाउँपालिकाको न्यायिक समितिबाट सम्पादन गरिने न्याय निरुपण सम्बन्धी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ को उपदफा १ र २ तथा न्यायिक समितिको मिति २०८२/१०/०४ गतेको निर्णय भई आएकाले मेलमिलापकर्ताको माध्यमबाट मेलमिलाप गराउने उद्देश्यले मेलमिलापकर्ताहरु सूचिकृत हुनका लागि तपसिल व्यक्तिहरुको निबेदन दर्ता गर्नु भएकोले निम्न व्यक्तिहरुलाई मेलमिलापकर्ता नियुक्ति गर्नको लागि सभामा पेश गर्ने निर्णय गरियो।

| क्र.स. | नाम, थर | ठेगाना | कैफियत |
|---|---|---|---|
| १. | मिलन मिजार | लिखु-३, नर्मदेश्वर | |
| २. | सम्भु बहादुर थापा | लिखु-४, यसम | |
| ३. | तेज वहादुर कार्की | लिखु-४, यसम | |
| ४. | सुर्य थापा | लिखु-७, गाम्नाङ्टार | |
| ५. | निर्मला रोका | लिखु-७, गाम्नाङ्टार | |
| ६. | सारादा तामाङ | लिखु-७, गाम्नाङ्टार | |
| ७. | अर्जुन हरि अधिकारी | लिखु-९, पोकली | |
| ८. | देवेन्द्र तामाङ | लिखु-९, पोकली | |

**निर्णय नं. ११,**
प्रस्ताव नं. ११ माथि आवश्यक छलफल गर्दा, लिखु गाउँपालिकाको १९ औं हिउँदे गाउँ सभा अधिवेशन मिति २०८२/१०/०६ गते हुने भनिएकोमा विशेष कारणबस उक्त मिति संशोधन गरी मिति २०८२/१०/१८ गते सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. १२,**
प्रस्ताव नं. १२ माथि आवश्यक छलफल गर्दा, लिखु गाउँपालिका कार्यपालिकाको आगामी  बैठक आवश्यकता अनुसार बस्ने सर्वसम्मत निर्णय गरियो ।